# NON-RESIDENT NEPALI ASSOCIATION

# गैरआवासीय नेपाली संघ

NEWSLETTER समाचार

*June – October 2010* **ISSUE 4** असार– *असोज २०६७*


यस अंकमाः


- गैरआवासीय नेपाली दिवस २०१०
- गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनद्वारा नेपाल सरकारका प्रतिनिधिहरुसंग भेटघाट
- गैरआवासीय नेपाली संघ युरोपिय कमिटिको चौथो वैठक सम्पन्न
- प्रमुख संरक्षक डा. उपेन्द्र महतोद्वारा समता स्कुलको उद्घाटन
- आङ छिरि शेर्पाद्वारा सगरमाथा सफलतापूर्वक आरोहण
- गैरआवासीय नेपाली परिचय पत्र मुल्याङकन कमिटि गठन
- गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को वैठक सम्पन्न
- कोषाध्यक्ष रामेश्वर शाहको एक संक्षिप्त परिचय
- प्रवक्ता डा. कुमार बस्नेतको एक संक्षिप्त परिचय
- राष्ट्रिय समन्वय परिषद्हरुद्वारा आयोजित कार्यक्रम





## गैरआवासीय नेपाली दिवस २०१०

नेपाल पर्यटन वर्ष २०११ लाई मध्ये नजर राखेर यो वर्ष गैरआवासीय नेपाली दिवस अक्टोवर ११ तारिखका दिन नेपालको एक महत्वपूर्ण पर्यटकीय क्षेत्र पोखरामा सम्पन्न भएको छ । गैरआवासीय नेपालीहरु माझ नेपालको स्थानीय पर्यटकीय स्थल र पर्यटकीय वस्तु र सेवाको परिचय गराउने र उनीहरुलाई आफूहरु बसेको मुलुकमा स्थानीय विकासका साथै नेपालको पर्यटन प्रवर्धन कार्यमा संलग्न गराउने उद्देश्यले नै यो वर्षको मूल नारा “स्थानीय विकास र पर्यटन प्रवर्द्धनमा गैरआवासीय नेपाली” छानिएको थियो । दिवसका अवसरमा आयोजित सवै कार्यक्रमहरु यसै विषयलाई केन्द्र विन्दु बनाएर भएको थियो । पोखरामा भएको औपचारिक कार्यक्रमका अतिरिक्त गैरआवासीय नेपाली दिवसकै दिन र यस वाहेक नजिकका दिनहरु पारेर काठमाडौं र पोखरामा अरु विविध कार्यक्रमहरु पनि संचालन गरिएका थिए ।

यस कार्यक्रम आयोजना गर्नका लागि गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको संयोजकत्वमा एउटा आयोजक समित गठन गरिएको थियो । उक्त समितिमा स्थानीय निकायका नेपाल सरकारका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु, सदस्यहरु, राष्ट्रिय समन्वय परिषदहरुका पदाधिकारीहरु, नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरु, पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीहरु, स्थानीय संघसंस्थाका पदाधिकारीहरु लगायत गैरआवासीय नेपालीहरुको संलग्नता रहेको थियो ।

सम्माननीय संविधान सभा अध्यक्ष श्री सुवास नेम्वाङ्गको प्रमुख आतिथ्यमा भएको यस कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री श्री सुजाता कोइराला, माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री शरतसिंह भण्डारी र माननीय स्थानीय विकास मन्त्री श्री पूर्णकुमार सेर्मा लिम्बु लगायत यस दिवसमा नेपाल सरकारका विशिष्ट तहका व्यक्तिहरु, राजनैतिक पार्टिका प्रतिनिधिहरु स्थानीय निकायका नेपाल सरकारका प्रतिनिधिहरु, नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरु, गैरआवासीय नेपाली संघका पदाधिकारी एवं सदस्यहरु, पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीहरु, राष्ट्रिय समन्वय परिषदहरुका पदाधिकारी एवं सदस्यहरु, स्थानीय संघसंस्थाका प्रतिनिधिहरु एवं संचार कर्मीहरु लगायत विभिन्न मुलुकबाट आउनु हुने गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो । विस्तृत जानकारीको लागि गैरआवासीय नेपाली संघको वेभसाइट (www.nrn.org.np) मा राखिएको गैरआवासीय नेपाली दिवस २०६७ प्रतिवेदनमा हेर्नु होला ।

### गैरआवासीय नेपाली संघ युरोपीय कमिटिको चौथो वैठक फ्रान्सको राजधानी पेरीसमा सम्पन्न

गैरआवासीय नेपाली संघ युरोपीय कमिटिको चौथो वैठक ३१ जुलाई २०१० का दिन फ्रान्सको राजधानी पेरिसमा सम्पन्न भएको छ । दुई दिनसम्म चलेको यो भेलाको उद्घाटनको प्रमुख अतिथि फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठ, अतिथिहरुमा जर्मनीका लागि नेपाली राजदूत सुरेश प्रधान, गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो, गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचन र ला कुर्नभ शहरका उपमेयर डानिला हेनले संयुक्त रुपमा पानसमा बत्ति बालेर गर्नु भएको थियो । वैठकमा २३ देशका १७५ जना प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

वैठकको उद्घाटन सत्र पछि संचालन भएको संगोष्ठी सत्रमा आर्थिक कुटनीतिमा एनआरएनको आवश्यकता तथा चाहना र नियोगहरुको भूमिका, गैरआवासीय नेपालीहरुको दोहोरो नागरिकता, विदेशमा बस्ने नेपाली र गैरआवासीय नेपालीहरुको हित, वैदेशिक रोजगारी, अप्रवासन र सामाजिक पुनस्थापनामा गोरखा मद्दा र नेपालको कृषि विकासमा गैरआवासीय नेपाली संघको भूमिका आदि प्रमुख विषयहरुमा छलफल गरिएको थियो । अन्त्यमा एनआरएन युरोपको पाँचौं क्षेत्रीय सम्मेलन रुसको मस्कोमा आयोजना गर्ने निर्णय गर्दै अरु बाँकी विभिन्न १५ वटा महत्वपूर्ण निर्णयहरु घोषणा गरी वैठक समापन गरिएको थियो ।

### गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनद्वारा नेपाल सरकारका प्रतिनिधहरुसंग भेटघाट

२०६७ असोज १ का दिन गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले माननीय शिक्षा मन्त्री सर्वेन्द्रनाथ शुक्ला संग भेट गर्नु भएको थियो । उक्त भेटघाट कार्यक्रममा नेपालमा खुल्ला विश्व विद्यालयको अवधारणा सम्बन्धमा गैरआवासीय नेपाली संघ तथा नेपाल सरकार सहकार्य गर्दै अगाडी बढ्ने र खुल्ला विश्व विद्यालय स्थापना सम्बन्धमा आवश्यक वातावरण सृजना गर्ने विषयमा छलफल भएको थियो । यस कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल, गैरआवासीय नेपाली संघका सचिव तेञ्जी शेर्पा र यूएसए एनसिसिका तत्कालिन उपाध्यक्ष होमराज आचार्यको उपस्थिति रहेको थियो ।

सोही दिन परराष्ट्र मन्त्रालयका सचिव मदनकुमार भट्टराईसंग परराष्ट्र मन्त्रालयमा अध्यक्ष देवमान हिराचनले भेटी संस्था दर्ता, दोहोरो नागरिकता, गैरआवासीय नेपाली परिचय पत्र र गैरआवासीय नेपालीलाई व्यवस्था गर्न बनेको नियमावलीमा समय सापेक्ष सुधार संशोधन गर्ने बारे छलफल भएको थियो । उक्त कार्यक्रममा परराष्ट्र मन्त्रालयका सहसचिव धनन्जय झा, संघका सचिव तेन्जि शेर्पा र एनसिसि युएसएका तत्कालिन उपाध्यक्ष होमराज आचार्यको उपस्थिति रहेको थियो ।








### डा. उपेन्द्र महतोद्वारा समता स्कुलको उद्घाटन

२०६७ असार १० का दिन गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतोले समता शिक्षा निकेतन स्कुलको गोरखा सदरमुकाममा एक समारोहवीच शिलान्यास गर्नु भएको थियो । यसै गरी उहाँले असार ११ का दिन समता शिक्षा निकेतन स्कुलको पोखरामा पनि एक समारोह वीच उद्घाटन गर्नु भयो । शिलान्यास र उद्घाटन कार्यक्रमहरुमा डा. महतोले शिक्षाको महत्व माथि प्रकाश पार्दै समता स्कुलद्वारा दिइने गरिएको शिक्षाले विद्यार्थीहरुलाई असल बनाउन सक्छ भन्नु भयो ।

उक्त कार्यक्रमहरुमा गैरआवासीय नेपाली संघका महासचिव रतन झा, गैरआवासीय नेपाली संघका सल्लाहकार डा. जुगल भूर्तेल, नेपालका बरिष्ठ हास्य कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यका साथै अन्य गन्यमान्य व्यक्ति तथा स्थानीय तहका विशिष्ठ व्यक्तिहरुको उपस्थिति रहेको थियो । शिक्षामा सबैको पहुच पुर्याउने उद्देश्यका साथ नेपालका ७५ वटै जिल्लामा समता स्कुलको स्थापना गर्ने लक्ष्य राखिएको छ। डा. महतोले उक्त स्कुलहरुको निर्माणमा आर्थिक सहयोग गर्ने भएको छ ।



### गैरआवासीय नेपाली परिचय पत्र मुल्याङ्कन कमिटि गठन

नेपाल सरकारद्वारा गैरआवासीय नेपालीहरुका लागि बनाइएको परिचय पत्रमा केही सुधारहरु गर्न आवश्यक भएको हुँदा गैरआवासीय नेपाली संघले अमेरिका क्षेत्रका क्षेत्रीय संयोजक डा. अम्विका प्रसाद अधिकारीको सभापतित्वमा एक मुल्याङ्कन कमिटि गठन गरेको छ । उक्त कमिटिको सदस्यहरुमा अमेरिका क्षेत्रका उपसंयोजक डा. द्रोण प्रसाद रसाली, ओसियानाका क्षेत्रीय संयोजक गोवा कटुवाल, एनसिसि हङकङ्गका अध्यक्ष यम गुरुङ्ग, नेदरल्याण्डका रामबाबु नेपाल, यूएसएका कृष्ण लामिछाने र युएसएका कर्मा शेर्पा रहेका छन् ।

### अमेरीकाका गैरआवसीय नेपाली आङ छिरि शेर्पाद्वारा सगरमाथा सफलतापूर्वक आरोहण

२३ मे २०१० का दिन अमेरिकाका गैरआवासीय नेपाली आङ छिरि शेर्पाले गैरआवासीय नेपाली संघको झण्डा लिएर विश्वको सर्वोच्च शिखर सगरमाथा सफलता पूर्वक आरोहण गरेका छन् । शेर्पालाई उक्त शिखर आरोहण गर्नमा १६ दिनको लागेको छ । यसभन्दा अघि शेर्पाले १६ महादेशको अग्ला हिमालहरु २६ दिन लगाएर आरोहण गरिसक्नु भएको छ । सोलुखुम्बुमा जन्मेका ३८ वर्षीय शेर्पा हाल अमेरिकाको वासिङ्गटन राज्यमा बसोबास गर्नु हुन्छ ।



### गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक सम्पन्न

२०१० मई ३० का दिन चौथो क्षेत्रीय सम्मेलनको अवसर पारेर संघका अध्यक्ष देवामान हिराचनको अध्क्षयतामा अमेरिकाको ह्युस्टन शहरमा वैठक सम्पन्न भएको छ । उक्त वैठकमा मुख्यतया अमेरिकामा आयोजना भएको चौथो क्षेत्रीय सम्मेलन सफलता पूर्वक सम्पन्न भएको बारे जानकारी, गैरआवासीय नेपाली परिचय पत्र र संघको दर्ता, गैरआवासीय नेपाली दिवस, आगामी क्षेत्रीय सम्मेलन युएईमा आयोजना हुने वारे, दोहोरो नागरिकताको अवधारणा पत्र वारे, गैरआवासीय नेपाली संघको च्यारिटि परियोजनाका साथै अन्य विविध कुराहरुमा छलफल हुनुका साथै ती विषयहरुमा महत्वपूर्ण निर्णयहरु भएका छन् ।

उक्त वैठकको संयोजन महासचिव रतन झाले गर्नु भएको थियो भने संघका पदाधिकारी लगायत सम्मेलनमा सहभागी हुन आउनु भएका अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु, प्रतिनिधहरु लगायत अमेरिकामा र क्यानाडामा बस्ने गैरआवासीय नेपालीहरुले वैठकमा भाग लिनु भएको थियो ।

## BRIEF INTRODUCTION / संक्षिप्त परिचय



Rameshwar Shah
Treasurer

Born in July 1965, holder of Nepalese passport, Rameshwar lives is the Emirates of Abu Dhabi since last 6 years, with his wife and three kids aged 15 and 2 years boys and a 10 years girl. Prior to this, he was in Malaysia & Singapore and Yemen for over 5 years. Primarily Rameshwar has done *Bachelor's Degree in Business Administration and Accounting.* Is also a *certified accountant* and has been a registered *member of the Institute of Chartered Accountants of Nepal* since 1995. Rameshwar who has also done graduation from Manchester Business School, London in G4S group leadership programme, has successfully completed Management Development Program conducted by Leeds University, London. Rameshwar additionally holds *Certified Professional Behaviour Analyst (CPBA)* degree from Seceess Insight Intl. Inc., USA and been member of International Professional Security Association (IPSA), London. Rameshwar completed School Leaving Certificate exams in 1982 from SLC Board, Nepal, started his professional carrier in 1988 from a biscuit factory and left for higher studies while serving as Factory Manager in 1990.

Rameshwar who has over 20 years of experience in finance and accounting, has been working with the largest multinational security solutions group since past 15 years now where he holds Regional Finance Director position looking after Middle East Countries and is currently based in Abu Dhabi Emirates of the UAE. Rameshwar is also on the board of several companies/countries within G4S group. Rameshwar also volunteers to spend time in social work helping community and had held various society/associations executive member positions including but not limited to President of CA Student Associations, New Delhi, Treasurer of Malaysia Nepal Chamber of Commerce, Malaysia, Vice President of NRNA NCC-UAE and President of Nepalese Society, UAE, etc., at the same time Rameshwar has performed several advisory roll for it's community and is active member of the Nepali Diaspora in the Middle East.

Chairperson of NRNA Sustainability, NRN Endowment Fund and NRN Mutual Investment Fund Task Force, Rameshwar is pro-actively involved in concept formulation of Collective Investment and its development which is believed to provide investment platform to entire NRNs including NRNs of lower income group.



डा. कुमार बस्नेत
प्रवक्ता

काठमाडौंको थानकोट (वाइभन्ज्याङ) मा सन् १९७४ मे ५ मा जन्मनु भएका डा. कुमार बस्नेत (गणेश कुमार बस्नेत) हाल जापानमा कार्यरत हुनुहुन्छ । सिद्धार्थ बनस्थली माध्यमिक विद्यालयबाट एस.एल.सि र जापानको सोफिया विश्वविद्यालयबाट इलेक्ट्रिकल इलेक्ट्रोनिक्स इन्जिनियरिङमा स्नातक पूरा गरेका बस्नेतले सोही विश्वविद्यालयबाट विद्यावारिधी गर्नु भएको छ ।

डा. बस्नेत जापान स्थित हिताचि ग्रुप अन्तर्गत "हिताचि ग्लोवल स्टोरेज टेक्नोलोजिस प्रा.लि" मा अटोमोटिभ हार्ड ड्रिंक्स ड्राइभको अनुसन्धान, विकास र विक्रिसंग सम्बन्धित हुनुहुन्छ । विगत १८ वर्षदेखि जापानमा बसोबास गर्दै आउनु भएका डा. बस्नेत विद्यार्थी काल देखि नै सामाजिक कार्यमा सक्रिय रहँदै आउनु भएको छ । विदेशमा बसोबास गर्ने क्रममा नेपाली समूदायलाई सुसुचित गर्ने उद्देश्यले उहाँ अनलाइन पत्रिका नेपाल जापान डट कम स्थापना गरी लामो समयसम्म सम्पादन कार्यमा संलग्न रहनु भयो । त्यस्तै प्रवासमा नेपाली भाषा साहित्यको प्रवर्द्धन, संरक्षण गर्ने उद्देश्यले लामो समय सम्म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसंग संलग्न रही साहित्यिक गतिविधिहरु पनि गर्दै आउनु भएको छ ।

डा. बस्नेतले जापान स्थित नेपाली विद्यार्थी समाजको अध्यक्ष, नेपाल जापान सोसाइटिको डाइरेक्टर, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रिय अध्यक्ष आदि सामाजिक जिम्मेवारी वहन गर्नु भएको छ ।हाल उहँ गैरआवासीय नेपाली संघको सूचना र संचार कार्यदलका संयोजक पनि हुनुहुन्छ । गैरआवासीय नेपाली चौथो विश्व सम्मेलन पश्चात गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको प्रवक्ता हुनु भएका डा. बस्नेत, गैरआवासीय नेपाली संघ जापानको संस्थापक महासचिव हुनुहुन्छ भने अन्तर्राष्ट्रिय समन्वय परिषदको विगत दुई कार्यकालमा सदस्य हुनुहुन्थ्यो ।

## NEWS OF NATIONAL COORDINATION COUNCILS / राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम

### फ्रान्समा भलिबल प्रतियोगिता सम्पन्न



एनसिसि फ्रान्सको आयोजनामा १५ र १६ मईमा भलिवल प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगितामा नेपाल युवा फ्रान्सको टिम प्रथम भएको थियो भने पेरिस र लाकोर्नभ टिम क्रमशः दोस्रो र तेस्रो भएका थिए । सो प्रतियोगिताको उद्घाटन फ्रान्सका लागि नेपाली कार्यबाहक राजदूत जीवन प्रकाश श्रेष्ठले गर्नु भएको थियो । यस्तै राष्ट्रिय समन्वय परिषद फ्रान्सका उपाध्यक्ष तथा खेलकुद सम्योजक थमन टण्डनले स्वागत मन्तब्य गर्नु भएको थियो । समारोहमा आइसिसि सदस्य हरिहर अर्याल र राष्ट्रिय समन्वय परिषद फ्रान्सका अध्यक्ष अशोक न्यौपाने लगायत एनसिसिका पदाधिकारी एवं सदस्यहरुको उपस्थिति रहेको थियो ।

### एनसिसि कतारद्वारा समुन्द्रि तट सफाई कार्यक्रम



गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आयोजनामा मई २१ तारिख शुक्रवारका दिन कतारको नगरपालिका विभाग अन्तर्गत ग्रिन कतार परियोजनासंग समन्वय गरि वक्रा स्थित समुन्द्रि तट सफाई कार्यक्रम सम्पन्न गरेको छ। एनसिसि कतारका अध्यक्ष नरेन्द्र भाटको नेतृत्वमा भएको उक्त सफाई कार्यक्रममा आईसिसिका उपाध्यक्ष सागर नेपाल, आईसिसि सदस्य तथा कतार प्रतिनिधि प्रज्ञान उदास, एनसिसि कतारका सल्लाहकार संयोजक कमलमणी गुरागाई, एनसिसि कतारका पदाधिकारी तथा सदस्यहरु लगायत अन्य गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो। यसम कार्यमा सहकार्य जनाउन कतार स्थित नेपाली संघ/संस्थाहरुका पदाधिकारी तथा सदस्यहरुको संस्थागत सहभागिता पनि रहेको थियो। सफाई कार्य सकिएपछि त्यही समुन्द्रि तटमा सहभागिहरुवीच रमाईलो दौड प्रतियोगिता पनि आयोजना गरिएको थियो।

### मलेसियामा बुद्ध जयन्ती कार्यक्रम



एनसिसि मलेसियाको संयोजकत्वमा मलेसियामा बुद्ध जयन्तीको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाली दूतावास लगायत यहाँ भएका नेपाली संघसंस्थाहरुको सहभागिता रहेको थियो । 'लुम्विनी नेपाल बुद्ध, नेपाल र बुद्ध नेपालमा जन्मेको हो' भन्ने मूल नारा लिएर कार्यक्रममा गैरआवासीय नेपालीहरु लगायत अरु विभिन्न संस्थाहरुले प्रचार प्रसार गरेको थियो । अपरान्ह सुरु गरिएको रथयात्रा तथा शान्ति जुलुसमा राजदूत डा. ऋषिराज अधिकारी लगायत दूतावासका कर्मचारीहरु, आइसिसि सदस्य भिम शेरचन, एनसिसि मलेसियाका अध्यक्ष शंकर वहादुर पौडेल, एनसिसिका पदाधिकारीहरु लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## साउदी अरबका गैरआवासीय नेपालीहरूद्वारा पिडित र असहाय नेपाली महीलाहरुलाई सहयोग

साउदी अरवका गैरआवासीय नेपालीहरुले पिडित र असाहय नेपाली महिलाहरुलाई सहयोग गरेका छन । बिभिन्न १२ जना श्रमजिवी गैरआवासीय नेपालीहरूले आफ्नो श्रमको आर्जनबाट कटौति गर्दै जनही ८५ साउदी रियालका दरले कुल सा.रि. १,०२० उठाई दोस्रो गणतन्त्र दिवसका अवसरमा शुक्रबार २८ मई २०१० का दिन नेपाली दूतावास रियादको प्रांगणमा आयोजित एक समारोहमा एनसिसि साउदी अरबका अध्यक्ष धरम के.सी.ले नेपाली राजदूत हमिद अन्सारीलाई हस्तान्तरण गर्नु भएको छ ।



## ताइवानमा २५५४ औं बुद्ध जयन्ति सम्पन्न

एनसिसि ताइवान र कपिलबस्तु दिवस विश्व कार्य समिति ताइवानको संयुक्त बुद्ध जयन्तिको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरिएको थियो । विश्व शान्तिका अग्रदूत बुद्धको जन्म दिनमा पूजापाठ गरिएको थियो । ताइवानमा धेरैजसो ब्यक्तिहरुलाई बुद्धको जन्मस्थलको बारेमा थाहा नभएकोले त्यस बारे जानकारी दिइएको थियो ।

कार्यक्रमको अध्यक्षता एनसिसि ताइवानका उपाध्यक्ष तथा तयारी समितिका सदस्य कपिल अधिकारीबाट गरिएको थियो भने एनसिसि ताइवानका महासचिव तथा विश्व कार्य समितिका सदस्य हरिकुमार श्रेष्ठले कार्यक्रमको उद्घोषण गर्नु भएको थियो। उक्त समारोहमा एनसिसि ताइवानका सहसचिव मुन्ना गुरुंगबाट सम्पूर्ण सहभागीलाई बुद्ध जयन्तिको उपलक्षमा शुभकामनासहित स्वागत मन्तव्य राख्नु भएको थियो।

एनसिसि ताइवानका सदस्य डा. लेखनाथ काफ्लेले एनआरएनए ताइवानको बारेमा प्रकाश पार्नु भएको थियो भने हरिकुमार श्रेष्ठले कपिलबस्तु दिवस अभियान विश्वकार्य समितिको स्थापना लगायत यसको उद्देश्य तथा यसले हालसम्म गरेका मुख्यमुख्य उपलब्धिहरुको जानकारी दिनुको साथै यस अभियानमा सहयोगको लागि पनि अनुरोध गर्नु भएको थियो ।

## हङकङ्गमा गैरआवासीय नेपाली परिचय पत्र वितरण

२०६७ जेष्ठ १६ गते नेपाल सरकारले गैरआवासीय नेपालीहरुका लागि व्यवस्था गरेको परिचयपत्र हङकङ्गमा पनि वितरण सुरु भएको छ । एनसिसि हङकङ्गद्वारा आयोजित कार्यक्रममा महावाणिज्य दूत विनोद उपाध्यायले एनसिसि हङकङ्गका अध्यक्ष त्रिलोक गुरुङलाई पहिलो नम्वरको परिचयपत्र प्रदान गरेका छन् ।

कार्यक्रममा अध्यक्ष गुरुङले सरकारले गरेको यो व्यवस्थाले विदेशमा रहेका नेपालीहरुलाई नेपालप्रतिको भावनात्मक सम्बन्ध प्रगाढ बनाउने मात्र नभई लगानीका लागि समेत प्रोत्साहित गर्ने बताउनु भयो ।

नेपाली महावाणिज्य दूतावासबाट जारी हुने परिचयपत्रका लागि एनसिसि हङकङ्गको सिफारिस पत्र अनिवार्य गरिएको छ । कार्यक्रममा चीनका लागी नेपाली राजदूत टंक कार्कीको पनि उपस्थिति रहेको थियो ।



## एनसिसि कतारको दोश्रो परिषद भेला सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको दोश्रो परिषद भेला ११ जून २०१० शुक्रवारका दिन दोहा कतारमा सम्पन्न भएको छ । संघका अध्यक्ष नरेन्द्र भाटको सभापतित्वमा सम्पन्न कार्यक्रमका प्रमुख अतिथिमा एनआरएनए–आईसिसिका उपाध्यक्ष सागर नेपाल हुनु हुन्थ्यो।

एनसिसि कतारका महासचिव बिलबहादुर गुरुङद्वारा सञ्चालन गरिएको भेलामा उपस्थित सबै अतिथि र परिषद सदस्यहरुलाई प्रथम उपाध्यक्ष अजिजुर रेहमान शेषले स्वागत गर्नु भएको थियो। एनसिसि कतारले त्रिभुवन अन्तर्राष्ट्रि विमानस्थलमा प्रदान गरिएको ट्रलि परियोजनामा आर्थिक सहयोग गर्नु हुने महानुभावहरु र गैरआवासीय नेपाली तारा–कतार २०१० उपाधि विजेता ज्वाला लामालाई कार्यक्रमका प्रमुख अतिथि एवं गैरआवासीय नेपाली संघका उपाध्यक्ष सागर नेपालले प्रशंसापत्र प्रदान गर्नु भएको थियो।

कार्यक्रमको पहिलो सत्रमा संघले गरेको कार्यप्रगति प्रतिवेदन महासचिव बिलबहादुर गुरुङले प्रस्तुत गरेका थिए। प्रतिवेदनमा महासचिव गुरुङले यस छ महिनाको अवधिमा संघले सम्पन्न गरेको कार्यहरुलाई समेटेका छन्।

त्यसै गरि संघको तर्फबाट गत छ महिनामा भएका अर्थिक कारोवारको विस्तृत विवरण कोषाध्यक्ष पुर्णबहादुर के.सी.ले आर्थिक प्रतिवेदनको रुपमा प्रस्तुत गरेका थिए।

## वेल्जियममा नेपाल महोत्सव कार्यक्रम

नेपाल र नेपालीको गौरव बढाउने नेपाली पहिचान र संस्कृतिको विकास गर्ने तथा नेपालको चौतर्फी विकासमा प्रवासबाट सहयोग पुर्याउने उद्देश्यका साथ नेपाली दूतावास र एनसिसि वेल्जियम तथा वेल्जियम स्थित विभिन्न संघसंस्थाको संयुक्त पहलमा आयोजना गरिएको नेपाल महोत्सव २०१० लुभेन शहर स्थित बुल पार्कमा १२ र १३ जुन २०१० का दिन भूतपूर्व गृहमन्त्री तथा वर्तमा मेयर लुइस टोवाकको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । उक्त महोत्सवको उद्घाटन १२ जुनका दिन लुभेन मेयर र नेपाली राजदूतले संयुक्त रुपमा दिप प्रज्वलन गरी गर्नु भएको थियो ।

नेपाल पर्यटन वर्ष २०११ लाई सफल पार्न सहयोग पुर्याउने आशा गरिएको यस कार्यक्रममा नेपाली पहिचानका विभिन्न खानाका परिकारहरु, हस्तकला तथा गरगहनाहरुका स्टल राखिएका थिए भने पर्यटन सम्बन्धी प्रचारका लागि दूतावासको तर्फबाट सामग्रीहरु वितरण गरिएको थियो ।

नेपाली राजदूतको प्रमुख आतिथ्य र एनसिसि अध्यक्ष तथा कार्यक्रम संयोजक पि.जि शेर्पाको अध्यक्षतामा सम्पन्न भएको समापन समारोहमा नेपालबाट अतिथिको रुपमा नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झा लगायत अन्य संचारकर्मीहरु, एनसिसि वेल्जियमका संस्थापक अध्यक्ष तथा युरोप सहसंयोजक रविन्द्रमान श्रेष्ठ, आइसिसि सदस्य अर्जुन कुमार श्रेष्ठ, निवर्तमा युरोप सहसंयोजक जानकी गुरुङ हुनुहुन्थ्यो । यस गरी उक्त समारोहमा एनसिसि वेल्जियमका पदाधिकारी एवं सदस्यहरु, वेल्जियममा रहेका अन्य संघसस्थाका प्रतिनिधिहरु लगायत गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो ।






## NRNA NCC Russia celebrates Russia Day 2010

NRNA NCC Russia successfully organized the annual event "NRNA Russia Day 2010" on Sunday, June 13th 2010. The picnic was organized at Istra, Russia on the occasion of Nation Day of Russia. The main purpose of the event was to unite all Nepalis living in Russia, their family members, friends and friends of Nepal together.

H.E Mr. Surya Kiran Gurung - Ambassador – Nepal Embassy Moscow, Embassy family, NRNA Chief of Patron Dr. Upendra Mahato, NRNA Vice President Mr. Jiba Lamichhane, NRNA General Secretary Mr. Ratan Jha, NRNA Treasurer Mr. Rameshwar Shah, Mr. Purshottam Ojha -Secretary, Ministry of Commerce and Supplies Nepal, NRNA NCC Belarus President Dr. Birendra Mahato, guests from Russia, Nepal and more than 350 members from NCC Russia took part in the annual event.

During the program different competitions and entertaining events like Football Tournament, Volleyball Tournament, Races for children, Literature Program, Children Art's Competition were held.

The NRNA team also participated in the football tournament. The NRNA team was led by Captain - - H.E. Surya Kiran Gurung in support of the members - Mr. Achyut Poudel, Dr. Upendra Mahato, Mr. Jiba Lamichhane, Mr. Ratan Jha, Mr. Rameshwar Shah, Dr. Mani Raj Pokharel, Dr. Badri K.C., Dr. Birendra Mahato, Mr. Arun Ojha, Mr. Khem Lamichhane, Mr. Raj Kumar Mandal. The remarkable match was won by the NRNA team. The event was followed by prize distribution ceremony and the entertaining dance sessions.

NCC Russia thanked H.E Mr. Surya Kiran Gurung, Embassy family, Dr. Upendra Mahato, Mr. Jiba Lamichhane, Mr. Ratan Jha, Mr. Rameshwar Shah, Dr. Birendra Mahato for their kind presence and making the event a memorable one. NCC Russia also expressed big thanks to all the members and volunteers for making the event successful.

## एनसिसि साउदी अरेवीयाको तेस्रो बार्षिकोत्सव सम्पन्न

गैरआवासीय नेपाली संघ साउदी अरबको तेस्रो बार्षिकोत्सव १८ जुन २०१० का दिन साउदी अरबमा सम्पन्न भएको छ ! उक्त कार्यक्रमलाई बार्षिकोत्सव , बृहद अन्तरक्रिया तथा राष्ट्रिय समन्वय परिषदको दशौं पुर्ण बैठक गरी ३ चरणमा बांडिएको थियो । नेपाली दूतावास रियादका प्रतिनिधि केशव राज पन्थीको प्रमूख आतिथ्यतामा तथा एनआरएनए क्षेत्रिय समिति अलहासाका अध्यक्ष शंकर श्रेष्ठको सभापतित्वमा सम्पन्न बार्षिकोत्सव समारोहलाई एनसिसिका सल्लाहकार बिदुर कोइरालाले सञ्चालन गर्नु भएको थियो ।

कार्यक्रमको पहिलो चरण को सुरुवातमा अलहासा क्षेत्रका एनसिसि सदस्य बिजय रेग्मीले स्वागत मन्तब्य गर्नु भएको थियो । पहिलो चरणको कार्यक्रम को अन्तमा एनआरएनए एनसिसि साउदी अरबका अध्यक्ष धरम के.सी.ले बार्षिक प्रतिवेदन (२००९- १०) प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो चरणको अन्तरकृया कार्यक्रमको संयोजन एनसिसीका प्रमुख सल्लाहकार तारा भण्डारीले गर्नु भएको थियो । सल्लाहकार बिमल गौतमले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य दिनेहरुमा एनसिसि सल्लाहकार रूद्र कार्की, मध्यपुर्ब सहसंयोजक राजु सैयद, आइसिसि सदस्य द्वय राम बेलबासे र यासमिन बेगमका साथै एनसिसिका पदाधिकारीहरु हुनुहुन्थ्यो ।





## एनसिसि चीनको वार्षिक कार्यक्रम सम्पन्न

गैरआवासीय नेपाली संघ चीनको दोश्रो वार्षिक कार्यक्रम नौं बुँदे घोषणापत्रका साथ २०१० जुन २० तारिखका दिन ग्वाङ्झाऊमा सम्पन्न भयो । एनसिसि चीनका अध्यक्ष डिल्लि प्रसाद पराजुलीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि गैरआवासीय नेपाली संघका अध्यक्ष देवामान हिराचन र विशेष अतिथि चीनका लागि नेपाली राजदूत टंक प्रसाद कार्कीले संयुक्त रुपमा उद्घाटन गर्नु भएको थियो । गैरआवासीय नेपाली दीपक भण्डारी द्वारा संचालित सो कार्यक्रममा एनसिसिका उपाध्यक्ष राजन जमर कट्टेलले स्वागत मन्तव्य दिनु भएको थियो भने कोषाध्यक्ष नविन विकले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । त्यस्तै संघका महासचिव तथा कार्यक्रम संयोजक सुन्दर थापाले संस्थाको वार्षिक गतिविधि पेश गर्नु भएको थियो । मन्तव्य कार्यक्रमको क्रममा कार्यक्रमका प्रमुख अतिथि तथा गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले आफ्नो मन्तव्यमा प्रत्येक नेपालीको प्रतिष्ठा नेपालसंग गाँसिएको हुँदा मुलुकलाई समृद्ध बनाउन प्रवासमा रहेका सबै एकजुट हुनुपर्ने कुरा बताउनु भयो । समारोहमा राजदूत टंक कार्कीले नेपाल पर्यटन वर्षलाई सहयोग पुर्याउनको लागि चीनबाट एक लाख पर्यटक नेपाल भित्र्याउने पनि जानकारी दिनु भयो । उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघ एशिया प्रशान्तका उपसंयोजक रुद्र शर्मा, हङकङ्गका आइसिसि सदस्य द्वय कृष्ण प्रसाद पाण्डे र जगन्नाथ ज्ञवाली, कोरीयाका आइसिसि सदस्य गंगाराज राई र एनसिसि मकाउका अध्यक्ष सुदर्शन थापा मगरको उपस्थिति रहेको थियो ।




## Nepalese in Vancouver, Canada Interact with the Chairperson of Fundamental Rights & Directive Principle Committee, of Constituent Assembly of Nepal

An interaction program was jointly organised by NRN Canada and Nepal Cultural Society of BC (NCSBC) on June 20, 2010 to discuss the provision of dual citizenship for NRN in the new Constitution of Nepal. And the current political issues of Nepal participating in the program where the visiting guests, Members of Constituent Assembly and Hon. Ms. Binda Pandey (Chairperson, Fundamental Rights & Directive Principle Committee, Constituent Assembly). Also present were Member of Constituent Assembly and the Parliament of Nepal Hon. Mr. Bishnu Rimal and Mr. Laxman Basnet, President, Nepal Trade Union Congress.

The Board of Directors of NCSBC, members of National Co-ordination Council (NCC), NRN Canada, members of NCSBC and NRN Canada and other visiting Nepalese were present in the interaction program.The program was chaired by Mr. Ratna Rai, the President of NCSBC and conducted by Ms. Anupama Rai, Member NCC, NRN Canada and Secretary, NCSBC.

Ms. Anupama Rai emphasized the necessity of dual citizenship for NRN and talked about the mutual benefits of dual citizenship for Nepal and NRN.

Talking about the development in Constitution writing Hon. Ms. Binda Pandey informed that the citizenship issue is a very sensitive issue and should be addressed with caution. She explained that the existing discrepancies in the existing NRN regulations would be rectified. She also talked about the development of Constitution writing process. Some of the pressing issues such as form of governance, state restructuring, electoral system, separation of power, judiciary systems, pluralism, ethnic issues etc. of the Constitution, have to be resolved yet.

The audience raised the issues relevant to NRN including some ambiguities in NRN regulations, dual citizenship, delay in Constitution writing process and other current political issues. Hon. Mr. Bishnu Rimal clarified some of the issues raised by audience and explained about the current political situations and the Constitution.

Hon. Ms. Binda Pandey answered some of the questions from the audience and requested NRN to come forward with the positive feedbacks and the constructive criticism so that it will help the political parties and members of Constituent Assembly to come together and write the Constitution in time for the benefit of Nepal and Nepalese.

Mr. Laxman Basnet also talked about the current political situation of Nepal. In the conclusion, on behalf of NCSBC and NRN Canada the President of NCSBC thanked guests for taking their valuable time and explaining the provision of NRN in the Constitution and the current political situation of Nepal. He also thanked the participants for attending the interaction program and Surrey Temple Committee for providing the space for the meeting.

## पेरिसमा नेपाली राजदुतको स्वागत

पेरिस २०१० जुन २१ का दिन गैरआवासीय नेपाली संघ फ्रान्सले नवनियुक्त नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठको सम्मानमा स्वागत कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा एनसिसि फ्रान्सका अध्यक्ष अशोक न्यौपानेले नेपाली राजदूतलाई स्वागत गर्नु भएको थियो । परिचय दिने कार्यक्रममा आइ.सि.सि सदस्य हरिहर अर्यालले बिगतका दिनमा राजदूताबासबाट गरिने कार्यमा पेरिसबासी सबै नेपालीहरुको

बिशेष सहयोग तथा योगदान भएको र यस क्षेत्रमा नेपाली कला सस्कृतिको प्रबर्द्धन गराउने उदेश्यले नेपाल साँस्कृति गृहको स्थापना गर्न बिभिन्न कार्यक्रम संचालन भैरहेको जानकारी दिनु हुदै राजदूताबासको यसमा सहयोग हुने आशा ब्यक्त गर्नु भएको थियो ।

परिचय कार्यक्रम पश्चात नवनियुक्त राजदूतले नेपाल सरकारले आगामी बर्ष सन् २०११ लाई नेपाल भ्रमण बर्षको रुपमा मनाउन लागेको परिप्रेक्ष्यमा फ्रान्समा नेपाल प्रबर्द्धन सम्बन्धी एक बृहत कार्यक्रमको आयोजना गर्ने सम्बन्धमा सोच बिचार गर्ने थालेको बारे सबैलाई जानकारी गराउनु भयो । सोही अवसरमा नेपाली दूताबास पेरिसका काउन्सेर जीवन प्रकाश श्रेष्ठले आफू आए देखि नै पेरिस बसोबास गर्ने सबै नेपालीहरुले दूताबासबाट गरिने सबै कार्यक्रममा सहयोग गर्दै आएकोमा सबैलाई धन्यबाद दिनु भयो । उक्त समारोहमा एनसिसि फ्रान्सका पदाधिकारी एवं सदस्यहरु लगायत अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।



## एनसिसि फ्रान्सद्वारा समुन्द्र भ्रमण कार्यक्रमको आयोजना

राष्ट्रिय समन्वय परिषद फ्रान्सद्वारा २७ जुन २०१० आईतवारका दिन उत्तरपश्चिम फ्रान्सको नर्मदी क्षेत्रमा समुन्द्र भ्रमण तथा दृश्यावलोकन कार्यक्रमको आयोजना गरियो । प्रत्येक वर्ष फ्रान्समा छरिएर रहेका रमणीय स्थलहरुको भ्रमण गराउने कार्यक्रमलाई निरन्तरता दिदै चौथो पटक यस कार्यक्रमको आयोजना भएको हो । उक्त अवसरमा सहभागीहरुले साँस्कृतिक कार्यक्रमका साथै अन्य मनोरंजन गतिविधिहरु गरी रमाइलो गरेका थिए । कार्यक्रममा फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठ, दूतावासका प्रथम सचिव जीवन प्रकाश श्रेष्ठ, युरोपका क्षेत्रीय उपसंयोजक रविन्द्रमान श्रेष्ठ, आइसिसि सदस्य हरियर अर्याल, एनसिसि फ्रान्सका अध्यक्ष अशोक न्यौपाने, महासचिव हरि सापकोटा, कोषाध्यक्ष कृष्ण अधिकारी, एनसिसि फ्रान्सका अन्य पदाधिकारीहरुका साथै तहां रहेका गैरआवासीय नेपालीहरुको सहभागीता रहेको थियो ।

## पोर्चुगलमा 'नेपाल डे' सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको आयोजना तथा लिस्बन नगरपालिका एवं नेपाली दूताबास फ्रान्सको सहयोग र पोर्चुगलमा रहेका सम्पुर्ण नेपाली संघसंस्था, ब्यवसायी तथा नेपाली जनसमुदायको सकृय सहभागितामा जुन २५ र २६ तारिखका दिन अन्तर्राष्ट्रिय साँस्कृतिक मेलाको अवसरमा आयोजना गरिएको 'नेपाल-डे' २०१० सम्पन्न भएको छ। उक्त कार्यक्रममा पोर्चुगिस नागरिक, पर्यटकहरु तथा नेपालीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी हुनु भएका सबैलाई पोर्चुगलका अध्यक्ष लक्ष्मी प्रसाद सापकोटाले हार्दिक धन्यबाद ज्ञापन गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोगको अपेक्षा गर्नु भएको छ। त्यस्तै गरी 'नेपाल-डे' २०१०को ब्यबस्थापन तथा समन्वयमा खटेका गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रीय समन्वय परिषदका सदस्य मकर हमालले आगामी दिनहरुमा समेत यस्तै उपयोगी र फलदायी कार्यक्रम गर्दै जान सके नेपाल पर्यटन बर्ष २०११ लाई ठुलो टेवा पुग्ने कुरा बताउनु भएको थियो ।

## एनसिसि सिंगापुरको दोश्रो साधारण सभा सम्पन्न

जुन २७, २०१० का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद सिंगापुरको दोश्रो साधारण सभा सम्पन्न भएको छ । उक्त सभाले वार्षिक प्रतिवेदनका साथै आर्थिक प्रतिवेदन सभामा पेश गरी अनुमोदन गराएको छ । साथै सभाले आगामि कार्यकालको लागि निर्वाचनद्वारा अमर प्रधान चित्रकारको अध्यक्षतामा नयाँ कार्य समितिको गठन गरेको छ । साधारण सभामा हङकङ्गका आईसिसि सदस्य कृष्ण प्रसाद पाण्डेको पनि उपस्थिति रहेको थियो ।



## युएईमा गैरआवासीय नेपाली महिलाहरूको फोरम गठन

२०१० जुलाई ५ तारिखका दिन गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका महिला मामिला उप–संयोजक रञ्जु थापाको विशेष आतिथ्यमा सम्पन्न एक समारोहबीच गैरआवासीय नेपाली महिलाहरूको मामिला हेर्ने गरी राष्ट्रिय समन्वय परिषद यूएईको पहलमा लक्ष्मी उपाध्यायको संयोजकत्वमा गैरआवासीय नेपाली महिला फोरमको गठन भएको छ।

कार्यक्रमका प्रमुख अतिथि गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्ष रामेश्वर शाहले यूएईका गैरआवासीय महिलाहरूले मध्यपूर्व र एसियामा नै प्रथमपटक गैरआवासीय नेपाली संघको महिला विभाग गठन गरेर उदाहरणीय काम गरेको बताउनु भएके छ।

महिला फोरमको गठनसँगै सोही बखत लगभग नेरु ४२ हजारको कोषसमेत खडा भएको छ। यस समितिले निकट भविष्यमा नै महिलाहरूको बृहद सभा गरी कार्यसमितिलाई बिस्तार गरिने बताइएको छ। अष्ट्रेलियाबाट यूएई आउनु भएका गैरआवासीय नेपाली संघ महिला मामिला उप–संयोजक रञ्जु थापाले यस महिला फोरमले यहाँका महिलाहरूको समस्या समाधान गर्दै महिला सशक्तिकरणका कार्यहरू गर्नु पर्ने कुरामा जोड दिनु भयो । श्रीमती थापाले यसको विस्तार अन्य मुलुकहरूमा पनि गर्दै जाने बताउनु भयो ।

कार्यक्रम समापन गर्दै एनसिसिका अध्यक्ष चुँडामणि ढकालले महिला फोरमलाई एनसिसि यूएईले सदैव क्रियाशील बनाइ राख्ने विश्वास व्यक्त गर्नु भयो ।






## मस्कोमा सांगितिक कार्यक्रम

७ जुलाई २०१० का दिन एनआरएन रसीयाले मस्कोमा एक सांगितिक कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा नेपालकी प्रसिद्ध गायीका आनीछोइङ्ग डोल्माले नेपाली गीतहरु गाएर सहभागीहरुलाई मनोरंजन दिनु भएको थियो ।

कार्यक्रममा उपस्थित हुन आउनु भएका सहभागीहरुलाई एनसिसि रुसका अध्यक्ष डा. मणिराज पोखरेल, पिएफयुका विद्यार्थी संगठनका अध्यक्ष डा. सचिन शाक्य र खेलकुद तथा साँस्कृतिक समाजका अध्यक्ष खेम लामिछानेले संयुक्त रुपमा स्वागत गर्नु भएको थियो ।

यसै समारोहमा सहभागी हुनु भएका गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महोतोले आनी छोइङ्ग डोल्मालाई फुलगुच्छा, रसीयन सोभिनयरका साथै नेपालमा संचालन भैरहेको आर्यतारा स्कुललाई सहयोग स्वरुप रु.१,००० अमेरीकी डलर प्रदान गर्नु भएको छ ।

उक्त कार्यक्रममा एनसिसि रसीयाका पदाधिकारी तथा सदस्यहरु, रसीयन नागरिकहरु, संघसंस्थाका पदाधिकारी तथा सदस्यहरुका साथै त्यहाँ रहेका गैरआवासीय नेपालीहरु गरी करीव १०० जना जतिको उपस्थिति रहेको थियो ।

## एनसिसि वेल्जियममाद्वारा दोहोरो नागरिकता सम्बन्धी ज्ञापन पत्र हस्तान्तरण

गैरआवासीय नेपालीहरुको दोहोरो नागरिकता सम्बन्धि अभियान अन्तर्गत तयार परिएको ज्ञापन पत्र विश्वभरका गैरआवासीय नेपालीहरुले नेपाल सरकार तथा नेपालका प्रमुख राजनितिक दलहरुलाई हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद बेल्जियमले नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव इश्वर पोखरेललाई मिति १३ जुलाईका दिन ब्रशेल्समा एक समारोहबीच हस्तान्तरण गरेको छ ।

गैरआवासीय नेपालीको दोहोरो नागरिकता सम्बन्धि मागलाई नेपालको एक प्रमुख राजनितिक पार्टीका हैसियतले विचार गरियोस र संविधान लेखनमा यो मागलाई समेटियोस भन्दै एनआरएन बेल्जियमका अध्यक्ष पिजी शेर्पाले उक्त ज्ञापन पत्र हस्तान्तरण गर्नुभएको हो । उक्त कार्यक्रममा बेल्जियमका नेपाली राजदुत प्रमेशकुमार हमाल, नेकपा एमाले विदेश विभागका प्रमुख अरुण नेपाल, एनआरएनए युरोप क्षेत्रीय सहसंयोजक रविन्द्र श्रेष्ठ, आइसिसी सदस्य अर्जुन कुमार श्रेष्ठ -बेल्जियम, आइसिसि सदस्य योगेन्द्र शाही – हङ्गेरीका साथै एनसिसिका पदाधिकारीहरुको सहभागीता रहेको थियो ।

## फिनम्याप रियादमा गैरआवासीय नेपाली संघ साउदी अरेवीयाको इकाइ समिति गठन

जुलाइ १६ का दिन साउदी अरवको रियाद स्थित फिनम्याप इन्टरनेशनलमा कार्यरत नेपालीहरुका बीचमा गैरआवासीय नेपाली संघ साउदी अरवको पहलमा ओम शाक्यको अध्यक्षतामा स्थानीय समन्वय समिति गठन गरिएको छ ।

गैरआवासीय नेपाली संघ साउदी अरव क्षेत्रीय समन्वय समिति रियादका अध्यक्ष रामकृष्ण श्रेष्ठको अध्यक्षतामा संचालित कार्यक्रममा गैरआवासीय नेपाली संघ साउदी अरवका अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य रामबहादुर बेलवासे प्रमुख अतिथि हुनुहन्थ्यो भने अतिथिहरुमा राष्ट्रिय समन्वय परिषद साउदी अरवका सल्लाहकार रुद्र कार्की, उपाध्यक्ष भीम थापा, महासचिव विश्वनाथ भण्डारी, सदस्य मीनराज आचार्य रहनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि रामबहादुर वेलवासेले गैरआवासीय नेपाली संघका माध्यमबाट विदेशमा रहेका नेपालीहरु राष्ट्र र राष्ट्रियताका लागि एक हुन सकेको र यसले नेपालको शान्ति र समृद्धिमा ठूलो टेवा पुर्याउन सक्ने बताउनु भयो । साथै उक्त कार्यक्रममा क्षेत्रीय समन्वय समिति रियादका अध्यक्ष श्रेष्ठले नवनियुक्त पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भएको थियो ।

## एनसिसि जापानको चौथो अधिवेशन सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको चौथो अधिवेशन जुलाइ १८ २०१० का दिन जापानको राजधानी टोकियोमा सम्पन्न भएको छ। अधिवेशनले आगामी दुई वर्षको कार्यकाल रहने गरि लालबहादर केसीको अध्यक्षतामा एक कार्यसमिति गठन गरिएको छ ।यसअघि एनआरएन जापानको चौंथो अधिवेशनको उद्घाटन समारोह सम्पन्न भएको थियो। अधिवेशनको प्रमुख अतिथिमा जापानका लागि नेपाली राजदूत डा. गणेश योञ्जन तामाङ हनहुन्थ्यो। राजदुत योञ्जनले समारोहमा एनआरएनले आफ्नो अभियानलाई नेपाल र नेपालीको सर्वोपरी हितमा उपयोग गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

यसै गरी विशेष अतिथिका रुपमा बोल्दै एनआरएनका अध्यक्ष देवमान हिराचनले एनआरएन अभियानका दिशामा भईरहेका पछिल्ला गतिविधिका बारेमा प्रकाश पार्नुभएको थियो। सो समारोहमा गैरआवासीय नेपाली संघका सचिव तेन्जि शेर्पा लगायत जापानमा रहेका संघ संस्थाहरुले कार्यसमितिको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। यसैगरि अधिवेशनमा निवर्तमान महासचिव डा. सुदिप अधिकारीको कार्यप्रगति प्रतिवेदन र कोषाध्यक्ष शालिकराम भण्डारीको आर्थिक प्रतिवेदन पनि आवश्यक परिमार्जन सहित पारित गरिएको छ।

## एनसिसि स्पेनको नियमित वैठक सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद स्पेनको नियमित बैठक अगस्त १ तारिखका २०१० दिन सस्थाका अध्यक्ष भिसाम कुमार गुरुङ "अनिल" को अध्यक्षतामा विभिन्न महत्वपुर्ण निर्णयका साथ सम्पन्न भयो । जस अन्तर्गत एन.आर.एन.स्पेनका विभिन्न कार्य सम्पादनका लागि उपसमितिहरु गठन गरिएको छ ।

## एनआरएन इटालीद्वरा एनआरएन देवघाट वृद्धाश्रमलाई सहयोग

गैरआवसीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद इटालीले मिति ७ अगष्ट २०१० का दिन एक समारोह बीच रु ८१,०२२ को चेक देवघाट वृद्धाश्रम समितिका संयोजक भोजराज भण्डारीलाई राष्ट्रिय समन्वय परिषद इटालीका महासचिव रामजीबी पन्थले हस्तान्तरण गर्नुभयो ।

उक्त समारोहको प्रमुख अतिथि गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समितिका सदस्य राम भण्डारीले कोषको उचित प्रयोगका साथै आगामी दिनहरुमा यस्तै सहयोग गर्न तत्पर रहेको जानकारी दिनुभयो भने राष्ट्रिय समन्वय परिषद इटालीका महासचिब रामजीबी पन्थले सामाजिक सेवाको लागि गठन भएको यस संस्थाले स्थापना काल देखी नै सामाजिक समस्यहरुको सम्बोधन गर्दै आएको जानकारी दिदै उक्त कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिनु भएको थियो।

यस समरोहका सभापति भोज राज भण्डारीले बृद्धाश्रमको बारेमा र यसको भावी कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो।

## स्पेनमा भलिवल प्रतियोगिता

२०१० अगष्ट १६ का दिन गैरआवासीय नेपाली संघ स्पेनको आयोजनामा खुल्ला भलिबल प्रतियोगिता बार्सिलोनामा सम्पन्न भएको छ । उक्त प्रतियोगितामा गैरआवासीय नेपाल संघ स्पेन, नेपाली जन सम्पर्क समिति स्पेन, नेपाल मगर संग स्पेन, तमु समाज बार्सिलोना, नेपाली जन प्रगतिशील मंच स्पेन, होला नेपाल समुह लगायतका टिमहरु सहभागी भएका थिए |नेपाली तथा विदेशी दर्शकहरुका माझ सम्पन्न यस प्रतियोगितामा नेपाली जन प्रगतिशील मंच प्रथम तथा नेपाल मगर संघको टिम द्वतिय भएका थिए |

यस प्रतियोगितामा नेपाली जनप्रगतिशील मंचका टिम क्याप्टेन तुलसी गुरुङ सर्बोत्कृष्ट खेलाडीबाट सम्मानित हुनु भएको थियो । प्रतियोगिता लगतै सम्पन्न भएको पुरस्कार वितरण समारोहमा गैरआवासीय नेपाली संघ स्पेनका अध्यक्ष भिसाम कुमार गुरुङ "अनिल" ले प्रतियोगी खेलाडीहरुलाई बधाई तथा धन्यबाद दिनु भएको थियो | उक्त समारोहमा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदका सदस्य रामलाल कंडेल, एनसिसि स्पेनका सल्लाकारहरु र संघका अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो |

## Open University of Nepal Workshop, held at Carleton University

On August 13, 2010,a workshop on Open University of Nepal (OUN) initiative was organized in Ottawa by NRNA NCC Canada and Canada Foundation for Nepal (CFFN) as a follow up to the meeting held in Houston in May 2010. Nepal's ambassador to Canada, Dr. Bhojraj Ghimire was the chief guest of the program which was attended by some 30 participants including some leading professionals and academicians from Canada and the USA.

The morning session was moderated by Dr. Govind Dahal, and consisted of presentations and key note speeches. The workshop started with welcome address by Dr. Pramod Dhakal, the leader of the NRNA/CFFN initiative team of OUN. He highlighted the various reasons for the need of an open university in Nepal..Dr. Drona Rasali, another member of the OUN initiative team presented the academic aspect of proposed university. Dr. Ambika Adhikari, another member of OUN initiative team focused on a pre-business plan of the OUN.

Next speaker was a long time supporter of Nepal, a former long time Canadian MP David Kilgour, who is an advisor to CFFN. He mentioned that he was thrilled to learn the thoughts, initiatives and discussion conducted by the proponent team for this university. He assured his full support for this good cause.Dr. Mohamed Ally, Professor at Athabasca University, a leading Open University in Canada, shared some of the success stories from Athabasca He reiterated a strong support of Athabasca University for the proposed OUN..Dr. Bidya Ranjit, a well known women leader in the USA showed her strong support on this initiative and also said that she was ready to link her organization to this new initiative.

The chief guest of the program Dr. Bhoj Raj Ghimire, Nepali Ambassador to Canada stated that the Nepali Government initiated the Open University legislation in early 2000, but this initiative could not materialize. He expressed his full support for this proposal in his personal capacity and added that he would recommend that a formal MOU signed by GoN with NRNA and CFFN.

The afternoon session was a moderated discussion and was guided by Dr. Barbara Spronk, a long time tutor of University of Athabasca. Discussion included the topics related to stakeholders, and the role of the government in OUN. Participants recommended having a liaison team in Nepal which could support the establishment phase of OUN.The workshop concluded by agreeing that the OUN initiative is a noble one, and that a wide support from the Diaspora members can help realize its objectives. Further, all agreed that funding should be sought from different sources, including international financing agencies, government of Nepal, Diaspora members and individual supporters.

## एनसिसि क्यानाडाको तेस्रो सम्मेलन

एनसिसि क्यानडाको तेस्रो राष्ट्रिय सम्मेलन अगष्ट १४ र १५ मा मोन्ट्रीयल, क्युबेकमा संचालन भएको थियो । दुई दिने सम्मेलनको उदघाटन क्यानडाका लागि नेपाली राजदूत भोजराज घिमिरेले गर्नुभएको थियो । उक्त सम्मेलनमा विभिन्न विषयमा गोष्ठि, विविध सांस्कृतिक कार्यक्रम र खेलकुद प्रतियोगिता भएको थियो । सम्मेलनका वक्ताहरुले एनआरएनको दोहोरो नागरिकता, एनआरएन अधिकार आदि विषयमा आफ्ना विचारहरु राख्नुभएको थियो ।

## बोस्टनमा एन. आर. एन भेला सम्पन्न

१७ अगष्ट २०१० का दिन एन.आर.एन आई.सी.सीका माहसचिब रतन झाको उपस्थितिमा बोस्टनमा एन.आर.एन भेला संपन्न भएको छ | बोस्टन स्थित अन्नपूर्ण रेस्टुरेंटमा भएको सो भेलामा करीब ५०,६० जना महानुभाबहरुको सहभागिता रहेको थियो | उक्त भेलामा महासचिब रतन झाले एन.आर.एन को महत्व र यसको पृष्ठभूमी बारे प्रस्ट पार्नु भएको थियो | उपस्थित जन समुदायको प्रश्नको उत्तर दिदै एन.आर.एन सबैको लागी र सबैको भन्ने बिश्वास दिलाउनु भएको थियो |

उक्त कार्यक्रममा अमेरिकामा भएको एन.आर.एन बिबाद सुल्झिसकेको र एउटा देशमा एउटा मात्र एन.आर.एन हुने र अमेरिकामा सुमन तिमिल्सिनाले नेतृत्व गर्नु भएको एन.सी.सी नै बैध भएको जानकारी गराइएको थियो | दोहोरो नागरिकता सम्बन्धी प्रश्न राख्दै लेखक तथा नेपाली खबरका संपादक उत्तम बाबु श्रेष्ठले एन.आर.एनको दोहोरो नागरिकता सम्बन्धी मागमा प्रस्ट हुनु पर्ने बताउनु भयो |

भेलामा दोहोरो नागरिकता सम्बन्धी प्रश्न उत्तर साथै एन.आर.एन By Laws को बारेमा पनि बृहत् छलफल भएको थियो । उक्त भेलामा एन.आर.एन एन.सी.सी अमेरिकाका क्षेत्रिय डिरेक्टर बिष्णु माया परियारले स्वागत मनतब्य दिनु भयो भने कम्युनिटी Mobilizer डिरेक्टर भुवन गुरुंगले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

यसैग़री By laws कमिटीका सदस्य शिव राइले धनी होस या गरीब सबै प्रवासी नेपालीको लागी एन.आर.एन हो भन्नु भयो । साथै प्रह्लाद के.सीले एन.आर.एन अमेरिका बारे मन्तव्य दिनु भएको थियो ।

## एनसिसि युएसए र राष्ट्रिय प्रकृति कोषद्वारा सम्झौता पत्रमा हस्ताक्षर

जलवायु परिवर्तनको प्रभावबाट नेपालका हिमालको संरक्षण गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट पार्ने उद्देश्यले थप कार्यक्रम आयोजना गर्नको लागि नेपाल सरकारको तर्फबाट राष्ट्रिय प्रकृति संरक्षण कोषले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद यूएसएको सहयोगमा आगामी सेप्टेम्वर २१ २०१० का दिन अमेरीकामा Save The Himalayas Campaign आयोजना गर्ने भएको छ ।

उक्त कार्यक्रमलाई सफल बनाउनको लागी गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद यूएसएले आफ्नो तर्फबाट पूर्ण सहयोग राष्ट्रिय प्रकृति कोषलाई गर्ने भएको छ । यसै सन्दर्भमा आज २०६७ भाद्र ३ गते काठमाडौंमा राष्ट्रिय प्रकृति संरक्षण कोषले कार्यक्रमको आयोजनाको बारेमा छलफलको लागि एक वैठक संचलन गरेको छ ।

माननीय वन तथा भूसंरक्षणा मन्त्री दिपक वोहोराको सभापतित्वमा भएको छलफल कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव जुद्ध वहादुर गुरुङ्ग, गैरआवासीय नेपाली संघका सल्लाहकार कूलचन्द्र गौतम, एनसिसि यूएसएका तत्कालिन उपाध्यक्ष होमराज आचार्य, राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशक डा. सिदार्थ बज्राचार्य, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु लगायत संचारकर्मीहरुको पनि उपस्थिति रहेको थियो ।



## Interaction workshop on Skill, Knowledge and Innovation in Sydney

An interaction workshop on skill, knowledge and innovation was held on Sunday 5th September 2010 at the Nepalese Consulate Office in Sydney, Australia. The workshop was organised by NRN Oceania Region and participated by the Nepalese Ambassador for Australia HE Yogendra Dhakal, NRNA President Mr Dev Man Hirachan, NRNA ICC Advisor Ms Indra Ban, the Nepalese Consul for NSW Australia Hon Deepak Khadka, Regional Co-ordinator of NRNA Oceania Region Mr Goba Katuwal, NRNA ICC Youth Affairs Co-ordinator Mr Bhabani Oli, President of NRNA-Australia Mr Dhurba Subedi, NRNA ICC Members Dr Raju Adhikari, Mr Shree Napit and Dr Krishna Hamal, NRNA-Australia Advisor Dr Ashok Shrestha, many media persons and leaders from of the various Nepalese community associations of Australia.

NRNA Oceania Region acknowledged the contribution of the members of Skill, Knowledge and Innovation (SKI) Task Force, chaired by Dr Raju Adhikari, for their exemplary work to meet the objectives of the Task Force. The project is expected to benefit millions of Nepalese people who wish to pursue higher education in the remote areas of Nepal.

NRNA Oceania Region also placed a high priority for the completion of NRNA's another innovative project called "Skill Inventory Project" which aims to develop a global inventory of skills and professionals among NRN members. The workshop applauded and approved the progress report and the future plan of NRNA Australia and NRNA Oceania Region. A regional workshop (conference) will be organised in early 2011 in Australia, mainly on the major issues of NRNA. NRNA Oceania Region approved the concept of the proposed NRNA youth program and recommended the program to be discussed among the wider community members of NRNA for their constructive comments and suggestions. The program intends to address various issues relating to the NRN youth globally.

## Special General Meeting of NRNA NCC South Africa Concludes

The Special General Meeting of the NRNA NCC - South Africa was held on September 4, 2010 Sunday. The meeting was chaired by the NCC South Africa President Mr. Auwtar Gurung. Dr. Mahendra Raymajhi, National Coordinator of NCC South Africa presented the report on activities and developments of the NCC South Africa. The financial report of NCC South Africa was presented by Treasurer, Dr. Tika Kharel during the meeting.

NRNA Patron Council Member, Mr. Bhim Udas presented a global perspective of NRN Association, the facilities provided by the Government of Nepal to NRNs, the contributions made by NRNs in Nepal and more. Dr. K.M Gaire also briefed about the histroy of Nepali community in South Africa. Ms. Ranjana Udas, NRNA Regional Coordinator –Africa raised the regional issues of NRNs, including the problems being faced by Nepali workers in Libya and recent incident of stranded Nepali students in Zimbabwe.

On the same day, Nepal Tourism Year-2011 was jointly launched by the Embassy of Nepal and NCC-South Africa. The event was attended by senior officials of the Government of South Africa, H.E. Mr. Arun Dhital - Ambassador to South Africa, NRNA Patron Council Member Mr. Bhim Udas, Officials from Nepal Embassy, Media persons and Nepalis living in South Africal. Dr. Sadhu Ram Pandey, NRNA ICC member from South Africa made presentation on tourism attractions of Nepal with the theme "Together Tourism". Ms. Sharmila K.C, NRNA ICC Member from South Africa, thanked H.E. Arun Dhital, other guests and all the Nepalis who participated at the event. The event was attended by more than 100 NRNs.

## A workshop on save the Himalayas

A workshop on save the Himalayas was held at Lexington, KY (USA) during a joint conventions of the Association of Nepalese in Mid-West America (ANMA) and Nepalese Association in Southeast America (NASeA) joint convention in Lexington, Kentucky. The workshop focused on the need of raising voice to save the Himalayas from the impact of on-going global climate change. Recently, NRN National Coordination Council of USA (aka NRN America) signed a MOU with NTNC to host an awareness rally on September 22, 2010 in front of the United Nations while world leaders meet for annual UN summit. Summitter Mr. Ang Chiring Sherpa is coordinating the event while Tek Gurung and Dr. Binod Shah are the Co-Coordinators. During the program, Mr. Angchiring Sherpa shared his experience on how different he saw the whole Himalayan range from the top of the world. Dr. Binod Shah appealed everyone to join the upcoming rally and extend their support. He also appealed media for a larger collaboration and cooperation in this matter. Ambassador of Nepal to US Dr. Shankar P. Sharma extended warm support to such effort and added full cooperation from him and his office. Speaking on the occasion, Mr. Karma G. Sherpa, Mr. Tsewang Sherpa Lama, Dr. Tara Niraula and many other appealed everyone to come forward and join the rally. Dr. Tara Niraula also added that the Government of Nepal and its office of Permanent Representative must campaign to get attention of the Mountain Forum and other related groups of global leaders in the United Nations.

Mr. Suman R. Timsina moderated the event. He appealed leaders of Nepali community to take this message in their local community and generate a discussion and mobilize people. The proposed rally will be held at *Dag Hammarskjold Plaza*, 47th Street and 1st Avenue, Manhattan, New York on September 22, 2010 from Noon-4PM. Over 15 summitters and the officials of Nepal Government are also expected to join the awareness rally. A petition for worldwide signature will be made available on-line by September 9, 2010 and will be submitted to global leaders at the United Nations.

## अस्ट्रेलियामा नेपाल महोत्सव

सिड्नी (अस्ट्रेलिया), भाद्र २१ अस्ट्रेलिया स्थित नेपाली दूतावास र गैरआवासीय नेपाली संघ अष्ट्रलियाले आयोजना गरेको नेपाल महोत्सवमा करिब ३० हजार जति नेपाली र विदेशीको सहभागिता रहेको थियो । नेपाल पर्यटन वर्ष २०११ लाई प्रवद्धर्न गर्ने र स्वदेशी/विदेशी पर्यटकलाई नेपाल भ्रमण गर्न अभिप्रेरित गर्ने उद्देश्यले महोत्सव गरिएको आयोजकले बताएका छन् । प्रत्येक दुई वर्षमा यहाँ नेपाल महोत्सव आयोजना हुँदै आएको छ । बिहान ९ बजे देखि सुरु भएको महोत्सवमा युवायुवतीको साथै वृद्धावृद्धाको समेत सहभागिता थियो । उनीहरू विशेष गरेर नेपाली कला संस्कृतिबारे जानकारी लिन साथै परम्परागत वेशभूषाप्रति आकर्षित थिए । एनसिसि अस्ट्रेलियाका अध्यक्ष ध्रुव सुवेदीले मेलाको सफलता पश्चात पर्यटन वर्षमा थप विदेशी पर्यटकले नेपाल भ्रमण गर्ने विश्वास व्यक्त गरे । महोत्सवमा अस्ट्रेलिया सरकारका पार्लियामेन्ट सेक्रेटरी लौरी फरगुसन र नेपाली राजदूत योगेन्द्र ढकाल लगायतको पनि सहभागिता थियो ।

## एनआरएन बेल्जियम बृहद भेला २०१० सम्पन्न

अक्टोवरका ३ का दिन गैरआवासीय नेपाली दिवसको उपलक्ष्यमा एनसिसि बेल्जियमले आन्त्वेरपेन शहरमा बृहद भेला सम्पन्न गरेको छ। नेपाली दुतावास बेल्जियमका नेपाली राजदूत प्रमेश कुमार हमालले प्रमूख अतिथीको आसनबाट मैनबत्ती वालेर भेलाको उद्घाटन गर्नु भएको थियो । उक्त भेलाको अध्यक्षता एनसिसि वेल्जियमका अध्यक्ष पिजी शेर्पाले गर्नुभएको थियो भने गैरआवासीय नेपाली संघ युरोपका क्षेत्रीय सहसंयोजक रविन्द्रमान श्रेष्ठ, आइसिसी सदस्य अर्जुन कुमार श्रेष्ठ,निवर्तमान एनससिसि वेल्जियमका अध्यक्ष युवराज गुरुङ्ग,नेपाली दुतावासका पदाधिकारीहरु, बेल्जियम स्थित संघ संस्थाका प्रतिनिधीहरु तथा गैरआवासीय नेपालीहरुको उपस्थिती रहेको थियो। शान्तिको कामना गर्दै विश्व साइकिल यात्राको अभियान शुरु गर्नु भएका नेपाली ढकेश्वर बुढाथोकीको पनि उपस्थिती रहेको थियो। उहाँ लाई एनआरएन बेल्जियमको तर्फवाट प्रशंसा पत्र र हलमा संकलित २०२ युरो आर्थिक सहयोग प्रदान गरिएको थियो। पहिलो र दोश्रो सेसन गरी दुइ चरणमा सम्पन्न उक्त कार्यक्रमा समसामयिक विषय तथा दीर्घकालीन कार्य योजनाका लागि ६ वोटा कार्य पत्र प्रस्तुत गरिएको थियो। दीर्घकालीन योजना तयार गर्न आयोजना गरिएको उक्त बृहद भेला कार्यक्रमको संञ्चालन संघका महासचिव नन्दराज घलेले गर्नु भएको थियो भने आगन्तुक सबैलाई संघका उपाध्यक्ष लिलाधर पन्तले स्वागत गर्नु भएको थियो।

## एनसिसि डेनमार्कको सहयोगमा एनआरएन देवाघाट वृद्धाश्रममा स्वास्थ्य परिक्षण सम्पन्न

यही अक्टोवर २३ तारिखका दिन एनसिसि डेनमार्कका अध्यक्ष सोमनाथ सापकोटाको पहलमा देवघाट वृद्धाश्रममा ५६ जना वृद्धवृद्धाहरुलाई सामान्य स्वास्थ्य परिक्षण गरियो । चितवनबाट गएका २ जाना स्वास्थकर्मीहरुले उहाँहरुको स्वस्थ्यको परिक्षण गरेका थिए । यस्तो कार्यको पहल गरेकोमा त्यहाँ वासिन्दाहरुले प्रशंसा गरेका थिए । डेनमार्कका अध्यक्ष सापकोटाले आगामी दिनहरुमा यस्तो कार्यक्रमहरु हप्ताको एक चोटी गरिने कुराको जानकारी गराउनु भयो । त्यसको लागि चितवनमा रहेका स्वास्थ्य संघ संस्थाहरुसंग आवश्यक पहल भैरहेको जानकारी दिनु भयो ।

## एनसिसि साउदी अरवको पहलमा साँस्कृतिक कार्यक्रम आयोजना

नेपाली महिलाहरूको महान चाड तीज तथा इस्लामिक धर्मावलम्बीहरूको पावन पर्व इदको अवसरमा NRNA साउदी अरबद्वारा आयोजित सुमधुर सांस्कृतिक कार्यक्रमको रियादमा १ शो, दमाममा २ शोहरू तथा NRNA र नेपाली क्लब बहराइनद्वारा संयुक्त रूपमा आयोजित बहराइनमा १ शो गरी कुल ४ वटै शोहरू भब्यताका साथ सुसम्पन्न भएका छन ।यस कार्यक्रमहरुमा करीव ४,००० साउदीमा र १,५०० जाना जति वहराइनमा सहभागीता रहेको थियो । उक्त कार्यक्रममा साउदी अरेवीयाबाट ४४,००० साउदी रियाल र तीनलाख जति नेपाली रुपैंया बहराइनबाट संकलन भएको थियो । सो रकम साउदी अरब र बहराइनमा घरेलु कामदारका रूपमा आई बिभिन्न यातना र उत्पिडन भोग्दै असहाय बन्न पुग्ने नेपाली महिलाहरूको उद्धार कार्यमा सघाउ गर्नको लागि खर्च गरिने भएको छ ।

